वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २८१ | २०८२ फागुन १७ गते आइतबार, नेपाल सम्वत् ११४६ March 01, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## दमौलीमा कांग्रेसको चुनावी र्‍याली

नेपाली कांग्रेस व्यास नगर समितिले शनिबार दमौलीमा आयोजना गरेको चुनवी र्‍यालीका सहभागिहरू । र्‍याली पश्चात खुल्लाचौरमा आयोजित सभामा पार्टी प्रवक्ता देवराज चालिसेले नेतृत्व नै परिवर्तन गरेको कांग्रेसले देशलाई पनि सुधारेर विकास–निर्माणको नयाँ दिशामा अगाडि बढाउने बताउँदै तनहुँ–१ का उम्मेदवार गोविन्द भट्टराईलाई निर्वाचित गराउन मतदातासंग आग्रह गरेका थिए।

*तस्विर : भञ्ज्याङ*

# मतदातालाई 'योग्य' उम्मेदवार छनोटका लागि 'मन्थन' गर्न मौन अवधि

भञ्ज्याङ समाचारदाता/काठमाडौं

पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने भएकाले त्यसको पूर्णपालनाका लागि आग्रह गर्नुभएको छ । उहाँले निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्तिसुरक्षा र सुव्यवस्थासहित भयरहित वातावरणमा निर्वाचन गर्नका लागि वातावरण तय गर्न मौन अवधिको व्यवस्था गरिएको स्पष्ट पार्नुभयो ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधि फागुन १८ गते राति १२ बजेदेखि लागू हुँदैछ । मौन अवधि र यसको महत्त्वबारे रासससँगको कुराकानीमा पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरन्छ। त्यस्तो अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जान सक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो ।"

आ–आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ । मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्त्वपूर्ण हुने पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाको भनाइ छ। "मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ", उहाँले भन्नुभयो, "यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्ति सुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ ।"

विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्ने चलन छ ।

पूर्वप्रमुख आयुक्त थपलियाले




भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक 'योग्य र रोजेको' उम्मेदवारलाई मतदानका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा लिइने बताउनुहुन्छ।

मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँड्डुल गर्न, कुनै किसिमको भेला, भाषण र छलफल गर्न हुँदैन । निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइँदैन । सामान्यतः निर्वाचन प्रचारप्रसारको कार्य निषेध गरिएको अवधिलाई मौन अवधि भनिन्छ । मतदानका लागि शान्त वातावरण कायम गराउने उद्देश्यले मतदानका दिनभन्दा अघि निश्चित समयावधि तोकी मौन अवधि घोषणा गरिन्छ।

मतदान हुने दिन सुरू हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि सुरू भई मतदान सम्पन्न नहुन्जेलसम्म कायम रहन्छ । उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

मौन अवधि सुरू हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ–आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ । उक्त अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। यस्तै, उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुनेगरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरूष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

यस्तै, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरूष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ। यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरूष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । यसैगरी, एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् । निर्वाचनमा दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तर्राष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् । रासस

# घुमाउने पुल : चर्चामा आउँछ तर, बन्दैन !

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको आँबुखैरेनी गाउँपालिका–५ र चितवनको भरतपुर महानगरपालिका–२९ जोड्ने घुमाउने घाटमा पुल निर्माणको विषय निकै चर्चित छ । त्रिशुली नदी माथि पक्कि पुल निर्माण कार्य अगाडि बढाइएको अहिले करिब १२ वर्ष पुरा भइसकेको छ। तर, हालसम्म यहाँ दुबै तर्फ पिल्लर ठढाउने बाहेकको अन्य काम अगाडि बढ्न सकेको छैन । पुल अहिले निर्माणाधीन अवस्थामा छ। यही विषयलाई ठड्याइए पनि बाढीका कारण नदीको सतह बढ्दाका अवस्थामा समस्या हुने देखिएपछि सच्याउने उद्देश्यले डिजाइन परिवर्तनको प्रक्रिया अगाडि बढाइएको सडक डिभिजन कार्यालय दमौलीले जनाएको छ ।

सडक डिभिजन कार्यालय दमौलीका डिभिजन प्रमुख राजीव श्रेष्ठले पहिले मुग्लिङको जस्तै आर्क डिजाइनमा पुल बनाउने योजना रहे पनि आर्कको आधार बस्ने ठाउँमै बाढीले क्षति पुऱ्याएपछि डिजाइन परिवर्तन



आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका उम्मेदवारहरूले आफ्नो प्राथमिकतामा राखेका छन् । प्रत्येक निर्वाचनमा राजनीतिक दलको मुद्दा बन्ने यो घुमाउने पुल यसपाली पनि सबैको चासोको विषय बनेको छ ।

आगामि फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ पाँच दिन मात्रै बाँकी छ । निर्वाचन नजिकिँदै गर्दा मत आफ्नो पक्षमा पार्न तनहुँ क्षेत्र नं.१ प्रतिनिधिसभा सदस्य उम्मेदवारहरूले यो पुलको विषयलाई प्राथमिकतामा राखेका छन् । पुल निर्माण समयमै सम्पन्न नहुनुको मुख्य कारण फरक छ । दुई वर्षअघि दुवैतर्फ पिल्लर गर्नैपर्ने बाध्यता आएको बताए ।

निर्माण कम्पनीले गत वैशाखमा नयाँ डिजाइनको प्रस्ताव पेस गरेको छ । जसमा अहिले बनिसकेका पिल्लरको उचाइ थप गरी स्टिलको संरचना वा स्ल्याप राख्ने गरी नयाँ नक्सा विभागमा अध्ययनको क्रममा रहेको श्रेष्ठले जानकारी दिए ।

पुल निर्माणमा भएको ढिलाइले लागत र समय दुवै बढाएको छ भने सुरूमा लागत वृद्धिको विषयमा सडक विभाग र निर्माण कम्पनीबीच समदारी नमिले पनि अन्ततः कम्पनीकै लगानीमा परिवर्तित डिजाइन पेस गरिएको उनले बताए। श्रेष्ठले भने,

*बाँकी तेस्रो पेजमा*

# दराइ जातिमा विहेवारी

**विषय प्रवेश**

मानवीय जीवनमा गरिने महत्वपूर्ण संस्कारहरू मध्ये विवाह सबै भन्दा अति महत्वपूर्ण संस्कार मानिन्छ । विवाह दुई आत्मा बीचका मिलन विन्दु हो । विवाहबाट दुई अलग अलग व्यक्तिहरूको सम्वन्ध मात्र नभएर अलग र अपरिचित परिवार बीच सम्बन्ध विस्तार निकटताको अवसर पनि हो । विवाहले पवित्र पारिवारिक वन्धन र सम्वन्ध विस्तार पनि गर्दछ । विवाहकै माध्यमद्वारा जीवनका हरेक क्षणमा आईपर्ने सुखदुखका उतारचढावमा दुई व्यक्ति एक ज्यान र एक मुटु भएर हरेक कार्यलाई पूर्णता गर्ने संकल्पको आधार पनि हो । विवाह नै सामाजिक मान्यता प्राप्त श्रृष्टिको मुल कारण पनि हो ।

विवाहले मानिसको यौन चाहनालाई सहज र सरलताका साथ प्राप्त हुने र नैतिक मान्यता प्रदान गर्ने गर्दछ । विवाह यौन चाहानाको विषय मात्र नभएर यो वंश सुरक्षा हेतु पनि आवश्यक मानिन्छ। विवाहले मानिसलाई श्रीमती, छोरा, छोरी, नाता र कुटुम्व प्रतिको चाहाना स्वतः वृद्धि गराउने भएकाले पनि उसलाई व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर कार्य गर्न उत्प्रेरित गराउँछ। हुनत कहिले शुक्र अस्त, कहिले वृहस्पति अस्तका कारणले लगनका महिनाहरूमा राहु केतु लागेर विवाह हुन पाउँदैन। आर्य समाजमा वैशाख जेष्ठ, असार, मंसिर, माघ र फागुन महिना विवाह गर्ने शुभ मुहुर्त भएका महिनाहरू हुन तर दराइ, कुमाल र मुस्लिम समाजमा विशेष गरेर चैत्र महिनामा विहेवारी लगन जुर्ने गर्दछ ।

मुलको पानी र कुलको नानीको व्याख्या हाम्रो समाजमा पहिलेदेखि चल्दै आएको आहान हो । यसैले पहिला पहिला अभिभावकहरूले आफ्नो मनोखुसीमा आफ्ना सन्तानको भावी जीवन साथी रोज्ने अधिकार नअजमाएका पनि होइनन। उनीहरू स्वयं आफना सन्तानका जीवन साथीको चयन गरेर विवाहको निर्णय गर्ने परम्परा हिजो अस्तित्वसम्म जीवन्त रहेको थियो । अहिले आएर हाम्रो समाजमा निश्चित उमेर पुगेका युवा युवतीहरूले आफ्नो जीवन साथी आफै रोज्न पाउने अधिकार उपयोग गर्न दिनु पर्छ मान्यताको विकास भएको छ । यस परम्परालाई खसआर्यहरूले अझै पनि अक्षुण राख्दै आएका पाइन्छ। दराइ समाजमा मागि र भागि विवाह गर्ने परम्परा नै प्रमुख रहेका छन । तर कहिलेकांही छोराछोरीले आफुले रोजेको केटा केटीसंग विवाह गरियोस भनेर आफ्ना मातापिता समक्ष विवाहको प्रस्ताव पनि राख्ने गरेको पनि पाइएको छ। साधारणतय दराइ समाजमा निम्न प्रकारका विवाह गर्ने परम्परा आज सम्म जीवन्त रहेको पाउँदछौ ।

**क) मागी विवाह**

केटीका घरमा गएर केटीको अभिभावकसंग केटीको हात माग्ने विवाह पद्धतिलाई मागी विवाह भन्ने गरिन्छ । मागी विवाहमा केटा र केटीको भन्दा पनि केटा केटीको अभिभावक नाता कुटुम्वहरूको महत्वपूर्ण निर्णयक भूमिका रहने गर्दछ। प्रायः यस्तो विवाह केटा पक्षका अभिभावकहरूले केटी पक्षको अभिभावक समक्ष प्रस्ताव राख्दा मञ्जुरी भएमा केटा र केटीको पनि मञ्जुरी लिएर प्रचलित विधि विधान अनुसार वाग्दान गरी विवाहको मिति तय गर्ने र अन्त्यमा दुइ जोडी बिच दाम्पत्त सम्बन्धको विस्तार हुने गर्दछ । आजकल दराइहरू पनि केटा र केटी बीचको छलफल र सहमतीमा विवाह जस्तो सम्वन्ध जोर्ने गर्दछन् । मागी विवाह गर्दा केटा पक्षले केटी पक्षको विवाह खर्च समेत भर्नु पर्ने भएकोले मागी विवाह भन्दा भागी विवाहले बढी प्रश्रय पाउने गरेको छ । केटी माग्न जानेलाई केटीका अभिभावकहरूले अनेक बखेडा झिक्दै माग्ने बित्तिकै सहजै दिने गर्दैनथे । केटी माग्न जाँदा पनि केटा पक्षले जाँड र कुखुराको मासु लिएर केटीको घरमा जानु पर्ने प्रचलन छ ।

मनाङ निवासीमा झगडा छाड्छुड गर्दा दुबै पक्षले लगेको पुड एक अर्कोले स्वीकारेमा झगडा छिनोपानो हुने तौरतरिका जस्तै दरै जातिमा पनि केटापक्षले केटी माग्न जाँदा जांडको पुड लैजाने गर्दछन्। केटा पक्षले लगेको सगुनका मोत केटी पक्षले खाए मात्र केटा र केटीको विहेवारीको कुरा अगाडि बढ्ने गर्दथ्यो । कतिपय समयमा त केटी माग्न पटक पटक धाउन पनि पर्दथ्यो । काम सजिलो थिएन केटा र केटीको सम्वन्ध जोरी दिने मध्यस्थ कर्तालाई कतै लमी र कतै पुइठे भन्ने गरिन्थ्यो भने केटी माग्ने कार्यलाई कलियो हाल्ने भनिन्थ्यो । केटी दिने सहमती भएपछि पनि केटी पक्षका अभिभावकले १२ धार्नी सुङ्गुरको मासु, १२ पाथी मकै, १२ पाथी चामल, छ सात गाग्री जाँड र ६० रूपैयाँ नेग बुझाउनु पर्दथ्यो भने कतै कतै २४ पाथी चामल र मकै (श्रोत: दराइ जनजीवनः एक अध्ययन- प्रभादेवी कैनी) बुझाएको पनि देख्न पाइन्छ । दुबै पक्षको सहमती भएपछि कम्ति १५ दिन पछि मात्र विहेको लगन जुराउने काम गरिन्थ्यो ।


बिहेमा दुबैपक्षको सल्लाह अनुसार जन्ति जाने काम हुन्थ्यो भने कमसेकम ५ देखि ७ जनासम्म कल्यौली मड्यौलीको रूपमा युवतीहरू पनि जन्तिसंगै लैजाने गरिन्थ्यो । पहिले पहिले नेवार जातिमा बिहेमा दुलाहालाई दुलहीको घरमा लग्ने परम्परा नभएझैं दरै समाजमा दुलहाका बाबालाई छोरोको बिहेमा जन्तिमा समावेश गर्ने परम्परा थिएन । जन्तिहरू दुलहीको घरमा पुगेपछि दुलही पक्षले बेहुला पक्षलाइ रङ् अविर छर्केर स्वागत गर्ने परम्परा आजसम्म यथावत रहेको छ । दुलाहाका बाबा भोलिपल्ट छोराको विवाहको सम्धी ढोगबेट फर्काइ र जन्ति भतेरमा मात्र सहभागी हुने परम्परा रहेको पाइन्छ।

दराइहरूको विवाहमा जन्ति पर्सने काम सकिए पछि जन्तिलाई सगुन दिने र साँझको खानपिन गराउने काम सकिए पछि माइती पक्षले बेहुलीको गोडधुवाइ कार्यक्रम राखिन्छ। बेहुला पक्षबाट जन्तिसँगै गएका मड्यौलीहरूले बेहुलीलाइ गोड धुवाइका लागि जाँतो माथि गुंदको गुन्द्री र काम्लोले सजाएर बनाइएको आसनमा बसाल्ने गर्दछन् । दुलही निकाल्ने बेलामा माइती पक्षका र जन्ति पक्षका महिला बीच बेहुली ताना गर्ने र जन्ति पक्षकाले बेहुली लान नसकेमा लमीले बेहुलीका आमा बाबालाई भनेर विवाह मण्डप बेहुली राखेर गोड धुवाइ गर्ने परम्परा रहेको छ। गोड धुवाइको काम सम्पन्न भएपछि बेहुलाले बेहुलीलाई सिन्दर राख्ने बेलामा कुखुराको चल्ला निमोठेर चल्लाको टाउको बेहुलीको जन्मघरको धुरी कटाउने र मूढ शरीरलाई बारी तिर फाल्ने पछि बेहुलाले बेहुलीको सिउँदो सिन्दुर भर्ने काम गर्दछन् । सम्धी ढोगबेट र भोज भतेरको काम सम्पन्न भएपछि बेहुलीलाई बेहुलाले आफ्नो घर तर्फ लैजाने गर्दछन् ।

तनहुँको दराइ समाजमा जन्तिलाई गृह प्रवेश गर्ने बेलामा दराइ केटाहरु केटा तथा केटीको भेषमा महिला तथा पुरुषका जेनेन्द्रीय आकारका खेलौनाहरुको पहिरनले सजिएर ढाँटबाटका साथ विवाहोत्सवमा देखा पर्दथे । नव विवाहित बेहुला बेहुलीहरु सन्तानोत्पादनका लागि यौन कार्यमा सहभागी बनुन भन्ने सदिच्छाले केटाको भेषमा सजिएका युवाहरूले केटीको भेषमा सजिएर नाचिरहेका केटीहरूलाई जिस्काउने, केटीहरूको पछि पछि दौडने र थकित भएर पृथ्वीमाताको शरणागत भएका केटीहरूसंग महिला पुरुष बीच हुने शारीरिक खेलको बनावटी संभोगीय कृयाकलापलाई लाजै नमानी प्रदर्शन गरेर विवाहमा थप रौनकता प्रदान गर्दथे । प्रदर्शनीको समाप्तिको लगतै दुलही भित्र्याउने बेलामा बेहुलाका दिदी बहिनीले बेहुलीको बाटो छेक्ने र बहिनीहरूलाई दाजुले केही दस्तुरी दिइ भाउजुलाई गृहप्रवेश गराउनमा मनाउने काम गर्दछन्। नवदुलहीको गृहप्रवेश भएपछि दुलहीको मुख हेर्ने र आफन्त र रिस्तेदार बीचको ढोगबेट फुकाउने गरिन्छ । सोही साँझमा घरपक्षकालाई माइतीको तर्फबाट पठाइएको चामलको भात तथा पुलाव, सुङ्गुरको मासु र अन्य तरकारी बनाइ जाँड पनि सगुनको रूपमा विहेभोज खुवाउने गरिन्छ।

दुलहा दुलही दुरान फर्काउन जाँदा पनि १ गाग्रो जाँड, १ गाग्रोरोटी १ डालो खसीको मासु, दुइवटा बुङ्गुरको सपेटा, कुखुराको भालेको मासु, एक पेरुङ्गा माछा, ३/४ बोत्तल रक्सी समेत भरियालाई बोकाएर ससुराली घरमा लैजाने प्रचलन छ । विवाह पछि आएका छोरी ज्वाइलाई टिका लगाएर सासु र ससुराले छोरी र ज्वाईलाई स्वागत गरेर घरमा प्रवेश गराउने परम्परा रहेको पाउँदछौं । विवाहको दिन पुग्न नसकेका आफन्तहरूले वर्ष दिन भित्र पुगेर दुलहा दुलहीलाई उपहार दिने र बेहुला बेहुलीले उपहार दिन आएका पाहुनाहरूलाई जाड, रक्सी, माछा, मासु, भात खुवाउनु पर्ने परम्परालाई बत्तिस दराइ गाउँको समाजले बोझिलो प्रथा सम्झेर २०४७ साल जेष्ठ १० गतेका दिन सर्वसम्मतीले हटाउने निर्णय गरेको पाइन्छ। (श्रोत दराइ जीवन एक अध्ययन- प्रभा देवी कैनी)

मागी विवाह बढी बोझिलो भएकै कारण दराइ समाजमा मागी विवाह भन्दा भागी विवाहको परम्पराले जरो गाडेको पाउँदछौं । दराई जातिमा सानै उमेरमा छोरा छोरीको विवाह गराइदिने प्रथा कहीं कतै भेटिंदैन । समयको परिवर्तनसंगै आजकल झन बालविवाहले कानुनी मान्यता नपाएको कारण पनि दराइ समाजमा बालविवाहको औचित्यता र प्राथमिकताले प्रश्रय पाएको देखिदैन ।




**ख) प्रेम विवाह**

प्रेम भनेको दुइआत्माको मिलन हो । पहिले पहिले मेलापात जाँदा, घाँस दाउरा काट्न जाँदा भारोपर्म लगाउँदा, रोदी बस्दा, चुड्का लगाउँदा उमेर पुगेका केटा केटीहरू बीच आपसमा परिचय हुन पुगी माया पिरतीको तुना गासिन पुग्दथ्यो। आजकल कतिय विद्यालयमा पढ्न जाँदा मोवाइलका माध्यम फेसबुक ह्वाट्सएप, इन्स्ट्राग्राम, मेसेन्जर, टिव्टरबाट पनि युवायुवतीहरू बीच प्रेम सम्वन्ध गाँसिन पुगेको पाउँदछौं। विशेष गरेर केटाकेटी बीचको प्रेम हाट बजारमा पुगे पछि छताछुल्ल हुन पुग्दथ्यो। केटा र केटी बीच प्रेम सम्वन्ध गाढिदै गएपछि दुबैको सरसल्लाह र अभिभावकको राजी खुसीमा प्रेम विवाहलाई मागी विवाहमा रूपान्तरण गर्दै जाने परम्परा अहिले बढ्दै गएको पाउँदछौं ।

**ग) भागी विवाह**

प्रेम भनेको दुइआत्मा बीचको मिलन हो। दुइ आत्माक बीच मायावन्धन गहिरिदै गएपछि केटाले आफ्ना अभिभावक तथा युवतीको अभिभावकसंग कुनै सरसल्लाह नगरी भगाएर आफ्नो घरमा लैजाने परम्परालाई भागी विवाह भन्ने गरिन्छ। यदी कुनै केटी अभिभावकको सल्लाह बिना पोइला गएमा माइती पक्षले आफ्नी छोरी खोसेर घरमा ल्याउने र अर्कै केटासंग पुनः विवाह गराइ दिने प्रचलन छ । तर आजकल राजी खुसीले विवाह गरेका दम्पतीहरूलाई टिका दिएर आफन्त बनाउने काम गरेको पाउँदछौं । टिका फुकाउँदा पनि केटापक्षले केटीको घरमा बुझाउनु पर्ने चामल, मकै, जाँड, बुङ्गुरको मासु लगायतका चिजबिज केटीको घरमा नेग बुझाउन लैजानु पर्दछ । विवाह गर्न घर खर्च गाह्रो साह्रो भएमा अभिभावकहरूले केटालाई आफ्नो छोरीलाई बाबा आमाले थाहा नपाए झै गरी सुटुक्क भगाएर लैजाने सल्लाह पनि दिने गरेको पाउँदछौं।

**घ) जबरदस्ती लतार्ने विवाह**

आफुले मन पराएको केटीलाई प्रेम प्रस्ताव राख्दा विवाहका लागि फकाउँ मानिन भने दुइ चार जना केटाहरूले केटीको बाटो छेकेर केटीलाई जुरुक्क काँधमा बोकेर वा घिसारेर केटाको घरमा लगेर भित्र्याउने गरिन्थ्यो । यसरी विवाह गरेका केटा केटीलाई माइती पक्षले टिका नदिएसम्म विवाहले वैधता पाउन सक्दैनथ्यो । कहिलें काही केटाकेटी बीच छोराछोरी भएपछि मात्र माइतीले विवाहलाई वैधता प्रदान गर्दा घरकाले माइती पक्षलाई दिनु पर्ने दै-दस्तुरी पुरै बुझाउनु पर्दथ्यो। दुबै पक्षको सहमतीमा टिका प्रदान गर्दा बाजा बजाएरै बेहुलीलाई डोलीमा राखेर घर पठाउने गरिन्थ्यो । यदी बेहुला बेहुलीको छोराछोरी जन्मिसकेको अवस्थामा माइती पक्षले नाति र नातिनीहरूलाई (बेहुली आमा)सँगै डोलीमा राखेर अन्माउने गर्दथे। कथंकदाचित माइती पक्षसंग टिका नलिंदै केटाको मत्यु भएमा माइतीले टिका थापेर मात्र लास सतगतका लागि लाने प्रचलन केही वर्ष अगाडिसम्म पनि जीवन्त रहेको पाउँदछौं । तर आजकल यस्तो विवाहको परम्परा अन्त्य भइसकेको पाइन्छ ।

**ङ) जारी विवाह**

अर्काको विवाहित श्रीमतीलाई उस्को पहिलाको लोग्ने हुँदाहुँदै फकाएर वा आर्थिक प्रलोभनमा पारेर भगाएर गरिने अर्थात कुनै महिलाले पहिलो पतिलाई त्यागेर दोश्रो व्यक्तिसंग विवाह गर्दछिन भने त्यस्तो विवाहलाई जारी विवाह भन्ने गरिन्छ । यसरी विवाह गरिएकोमा श्रीमती पिडित पहिलो पतिले आफ्नो विवाह गर्दा लागेको विवाह खर्च दोश्रो जार पतिसंग लिन पाउने व्यवस्था थियो । दराइ समाजका मुखियाले नै श्रीमती भगाउने जारबाट कति जारी भराउने भन्ने विषयमा निर्णय दिने गर्दथे । जारपतिबाट लिइने क्षतीपूर्ति रकम भएकोले यस्तो रकमलाइ जारी भन्ने गरिएको हो। मुखियाले तोकेको निर्णयानुसार जार पतिले पिडित पहिलो पतिलाई जारी तिर्नु पर्दथ्यो। जारले दण्ड सजाय वापत दिने क्षती पूर्ति रकम भएकोले यस्तो रकमलाई जारी भन्ने गरिएको हो ।

**च) पुन:विवाह**

दराइ समाजमा लोग्ने तथा स्वास्नी बाँफोपन देखिएमा सन्तानका इच्छा राख्ने नारी पुरुष कुनै पनि व्यक्तिले पुन:विवाह विवाह गर्न सक्दछन् । कतिपय नारीले आफ्नो श्रीमान भन्दा परपुरुषसंग अनैतिक सम्बन्ध छ भने थाहा पाएर पहिलो श्रीमतीलाई डिर्भोस दिएर एक्लै बसेमा, स्वास्नीले लोग्ने छोडर अर्कै पुरुषसंग

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
आश्वस्त भएर अघि बढ्ने समय छ, पारिवारिक सहयोग मिल्नेछ। धनलाभको संकेत छ ।

**वृष**
मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ। केही खानपिनमा परिवर्तन गरे स्वास्थ्यमा सुधार हुनेछ ।

**मिथुन**
संचार र सामाजिक क्षेत्र सक्रिय रहनेछ। सोसल मिडिया वा नेटवर्किङबाट केही फाइदा मिल्नेछ।

**कर्कट**
घर परिवारमा खुसीको वातावरण बनाउने कार्य हुनेछ। आर्थिक मामिलामा पनि स्थिति बलियो रहनेछ।

**सिंह**
वित्तीय रूपमा महत्वपूर्ण निर्णय लिन सकिने समय छ। व्यवसाय वा लगानीमा सोच-विचारपूर्वक अघि बढ्नुहोस्।

**कन्या**
काम-व्यापारमा सृजनशीलता र दक्षता देखिइ रहनेछ। सहकर्मी वा साझेदारसँग मिलेर अघि बढ्नाले विशेष फल दिन सक्छ।

**तुला**
सन्तुलन र सौन्दर्यप्रेमका लागि राम्रो दिन । रचनात्मक काममा रूचि जग्न सक्छ। व्यक्तिगत सम्बन्धहरु सुमधुर हुनेछ।

**वृश्चिक**
गोप्य योजना वा इन्टरनल सोच-विचार गर्न चाहना बढ्न सक्छ। गहिराइमा गएर अध्ययन वा अनुसन्धानमा समय दिनुपर्ला।

यात्रा, समाज-सम्बन्ध, वा ज्ञान-शिक्षासँग सम्बन्धित शुभ संकेत आइरहेका छन्। किनभने चर्चा-मिलन हुनेछ।

**मकर**
कार्य क्षेत्रमा स्थिरता देखिन्छ। जिम्मेवारी बढ्न सक्छ तर तपाईं सक्षम हुनुभयो भने फलदायी पनि हुनेछ।

**कुम्भ**
नयाँ साथी वा मन पर्ने मानिसको भेट सुखद हुनेछ। मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ।

**मीन**
आध्यात्मिक दृष्टिले बलियो दिन छ। ध्यान-धारणा र सृजनात्मक काममा समय दिँदा आध्यात्मिक शान्ति मिल्नेछ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाले सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।


# दराइ जातिमा .........

पोइल गएर एक्लो जीवन बिताइ रहेको अवस्थामा, श्रीमती मरेर एक्लो जीवन व्यतित गर्न परिरहेको अवस्थामा पुरूषहरूले दोश्रो विवाह गरेको पनि पाइन्छ। आजभन्दा केही वर्षसम्म पहिले पुरूषले दुई वा सो भन्दा माथि ६/७ जना सम्म श्रीमती भित्र्याएको पाउँदछौं। यसै गरी पुरूषसंग असन्तुष्ट भएका महिलाहरूले पनि दोश्रो पुरूषसंग पुनःवैवाहिक सम्न्ध कायम गरेको पाउँदछों ।

**छ) विधुर तथा विधवा विवाह**

दराइ समाजमा विधवा विवाह पनि दुई प्रकारका रहेको पाइन्छ। कुनै विवाहित पुरूषको श्रीमती मरेर विधुर भएको अवस्थामा पुरूषले सहजै दोश्रो नारीसंग विवाह गर्ने अनुमती पाउँदछ तर महिलाको श्रीमान मरेर विधवा भएर बस्नु परेको अवस्थामा एउटी नारीले आफ्ना स्व खुसीले अन्य विधुर पुरूष, परपुरूष तथा अन्य कुनै कन्या केटासंग दोश्रो विवाह गर्दा समाजको नजर फरक ढङ्को पाइन्छ । तर दराइ समाजमा दाजुको मृत्यु हुन पुगेमा भाइले भाउजुसंग विवाह गर्न पाउने प्रचलन रहेको छ । यस्तो अवस्थामा घर परिवारका सदस्यहरूले घरमा दोश्रो कन्यालाई भित्र्याउनुको अलवा दाजु तर्फका सन्तान समेत आफ्ना सन्तान मान्न लगाई देवरलाई भाउजुसंग सल्लाह तथाा जवरजस्ति हिसावले पनि विवाह गर्न राजी गराउने परम्परा अझै पनि दराइ कुमाल समाजमा विद्यामान रहेको छ । यस किसिमको विवाह पद्धतिले भाउजुको जिन्दगीको एक्लोपनालाई दुर गर्न मद्दत पुराउने र देवर भाउजुका बीच सम्वन्ध गाढा हुने विश्वास रहेको छ । दाइको श्रीमतीलाई भाउजु भनिन्छ भने दाइको भाइलाई दाइको श्रीमतीले देवर (दोवर-दोश्रोवर) भन्ने प्रचलन पाइन्छ । देवरको भाउजुसंग कहिलेकाहीं जवरजस्ती गराइदिने वैवाहिक परम्परा वि.सं २०५० र२०६० सालसम्म दराइ समाज जीवन्त रहेको देख्दथ्यौं तर आजकल यो परम्परा दराइ समाजमा पनि बिस्तारै हट्नाले हाल यस्ता कुरा सम्झनामा मात्र रहेको पाउँदछों ।

**ज) सट्टापट्टा विवाह**

दुइ परिवार बीच छोरा छोरी साटासाट गरेर गरिने विवाह पद्धतीलाई स्टापट्टा विवाह भन्ने गरिन्छ। यस प्रकारको विवाहमा आफ्नो छोराको लागि पल्लाघरेको छोरी र पल्ला घरेको छोराई आफ्नो छोरी दिएर घरजम गराइ दिने परम्परा हो । सँच्चै भन्ने हो भने यस प्रथालाई यसलाइ अदली बदलीको रूपमा पनि हेर्न सकिन्छ। यसरी विवाह गर्दा गरिवका सन्तानहरूको विवाहमा कम खर्च हुन गइ मितव्ययी बन्न सक्ने देखिन्छ।

**छ) भतिया परम्परा**

दराइ समाजमा आफ्नै जाति भित्र विवाह गर्ने परम्परालाई मान्यता दिइएको थियो । कुनै दराइ वा दराइनी गैह्र दराइ जाति संग विवाह वारी गरेमा मुखियाले संजाय गर्न सक्दथे । आज भन्दा केही वर्ष अगाडिसम्म छुत र अछुत जातिको व्यवस्था हुनाले अछुतसंग बिहेवारी गर्ने नारी पुरूष दुबैलाई अछुतमा लग्ने र छुत जाति भएमा केटाकेटीलाई भोज भतेर गर्न लगाइ भात पनि चोख्याउने काम गर्दथे । अहिले प्राय सोलीडोली सबैसंग चल्न थाले पछि समाजमा भतिया प्रथा लोप भएर गएको पाउँदछौं ।

अन्त्यमा गाउँ र समाजको झैझगडा मिलाउन दण्ड संजाय गर्न, भतिया गर्न गराउनमा मुखिया नै प्रमुख दण्डनायक भएकाले पनि हरेक चाडबाड तथा विशेष गरेर दशैंका दिन गाउँका सबै भद्र भलादमीहरू मुखियालाई आदारभाव राखेर आफ्नो घरवारीमा फलेका फलफूल, मिठो चिज सौगात तथा भेटको रूपमा चढाउने र सो दिन मुखियाकै घरमा खाइपिइ गरेर खुसियाली मनाउने गर्दथे । अहिले तिरोभरो उठाउने काम पनि मुखियाबाट खोसेरसरकारले मालकार्यालयर आजकाल स्थानीय निकायलाई जिम्मा दिएका कारण मुखिया प्रथा हराउँदै गएको छ । मुखियाको काम अहिले समाजका पदाधिकारीहरू बसेर गर्ने प्रथाको सुरूवात भएको पाउँदछौं ।

# घुमाउने पुल : चर्चामा .......

"हालसम्म योजनाको भौतिक प्रगति मात्र ३६ प्रतिशत रहेको छ र विसं २०८३ असार मसान्तसम्म निर्माण सक्ने गरी पछिल्लो पटक म्याद थप गरिएको छ ।"

दमौलीलाई चितवनसँग जोड्ने छोटो दूरीको वैकल्पिक मार्गका रूपमा लिइएको यस पुलको सम्झौता विसं २०७० असार २८ गते भएको थियो । सडक डिभिजन कार्यालय दमौलीका अनुसार विसं २०८० असोजमा आएको भीषण बाढीले सुरूको अनुमानभन्दा माथिको सतहलाई असर गरेपछि पुरानो 'आर्क' डिजाइनमा काम गर्न नसकिने देखिएको हो ।

चितवनको घुमाउनेबाट बुद्धसिंहमार्ग हुँदै दमौली पुग्न मुग्लिङ-आँबुखैरेनी सडकभन्दा २६ किलोमिटर दूरी छोटो पर्ने भएकाले नारायणगढबाट पोखरातर्फ जाने सवारीसाधनका लागि यो निकै छिटो र वैकल्पिक मार्ग मानिन्छ। १०५ मिटर लम्बाइ र ११ मिटर चौडाइ रहने यस पुल रू १० करोड २१ लाख ८६ हजार ५५१ को लागतमा मृत सञ्जीवनी कम्पनी मकवानपुरले ठेक्का पाएको छ । लामो समयदेखि पुल अलपत्र परेपछि स्थानीय अत्यन्तै आत्रोशित अवस्थामा छन्। बन्दीपुर गाउँपालिका-६ धरमपानी निवासी बिर्खमाया गुरूङले भनिन्, "पुल नबन्दा यस क्षेत्रको आर्थिक र सामाजिक विकास ठप्प भएको छ।" पुल निर्माण सम्पन्न नभएसम्म आगामी निर्वाचनमा कुनै पनि दललाई भोट नहाल्ने र मतदान नै बहिष्कार गर्ने सम्मको निर्णयमा स्थानीय पुगेका उनले बताइन् ।

पहाडी क्षेत्रका बस्तीलाई सडक सञ्जालसँग जोड्ने यो महत्वपूर्ण कडी भए पनि प्राविधिक ढिलासुस्ती र प्राकृतिक अवरोधका कारण स्थानीयले लामो समयदेखि सास्ती भोगिरहनु परेको छ । पुल निर्माणको जिम्मा लिएपछि मात्रै प्रतिनिधिसभाको निर्वाचनमा मतदान गर्ने भएपछि अधिकांश उम्मेदवारले पहिलो प्राथमिकता दिएर अजेण्डा तय गरेर आमनागरिकसमक्ष पेस गरिरहेका छन् । तर, पुलका परिवर्तित डिजाइन आएपछि भने निर्माण कार्यले निरन्तरता पाउने अपेक्षा डिभिजन कार्यालयको छ ।

**Bandipur Rural Municipality**
**Office of the Rural Municipal Executive**
Bandipur, Tanahun, Gandaki Province, Nepal

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/11/17 (1st March, 2026)**

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following Works under National Competitive Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount (Without VAT and Contingencies but Including PS) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/ WORKS/14/ 2082/083 | Dhapre Motormarga | 25,87,107.90 | 65,000.00/- (Validity: 120 days) | 3,000.00/- | 31st March 2026, 12:00 Hrs | 31st March 2026, 13:00 Hrs |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun or PPMO'S website **www.bolpatra.gov.np/egp.** And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**







जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ फागुन १७, आइतबार
March 01, 2026



**मतदाताको घरदैलोमा उम्मेदवार :** तनहुँको बन्दीपुर गाउँपालिका–१ डुम्रेका मतदातासंग आफ्नो पक्षमा मतदान गरिदिन आग्रह गर्दै तनहुँ–१ नेकपा एमालेकी उम्मेदवार भगवती न्यौपाने । निर्वाचनको मिति नजिकिदै जाँदा उम्मेदवारहरू मतदाताको घरदैलोमा पुगेर मत माग्न व्यस्त भएका छन् भने केही उम्मेदवारहरू चुनावी न्याली प्रदर्शन गर्दै मतदाता आकर्षित गर्न पनि लागिपरेका छन् । *तस्विर : भञ्ज्याङ*

# तनहुँ जलविद्युत आयोजना : प्रसारण लाइन निर्माणका लागि रूखपोल हटाउन अनुमति

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ जलविद्युत आयोजना अन्तर्गत प्रसारण लाइन निर्माणका लागि नौ हजार १२७ रूखपोल हटाइने भएको छ । आयोजनाको प्याकेज तीन अन्तर्गत प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १२७ रूखपोल हटाउन अनुमति पाएको हो ।

मन्त्रिपरिषद्को निर्णय बमोजिम आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटविरूवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

उक्त सम्झौता कार्यान्वयनका लागि डिभिजन वन कार्यालय चितवनमा पत्राचार गरिसकिएको भण्डारीले बताए । उक्त निर्णय नहुँदा प्रसारण लाइन निर्माणमा समस्या भइरहेको थियो ।



यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरहरूको जग हाल्ने र ६९ वटा टावर जडान कार्य सम्पन्न गरिसकेको छ । यस प्याकेजको समग्र प्रगति ७५ प्रतिशत रहेको भण्डारीले बताए ।

तनहुँ जलविद्युत आयोजनाको तीन वटा प्याकेजमा काम भइरहेको छ । प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५४ प्रतिशत प्रगति भएको भण्डारीले बताए । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरूङलगायतका संरचनाको निर्माणकार्य सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो। विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माणकार्य सकिएको जनाइएको छ ।

प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्नेकार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माणकार्य सम्पन्न भएको भण्डारीले बताए । विद्युत्गृह, केवल सुरूङ, सर्च ट्याङ्क, टेलरेसलगायतका संरचनाको मुख्य कङ्क्रिटिङकार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७३ प्रतिशत रहेको छ । भण्डारीका अनुसार विद्युत्गृहको सिभिलकार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकलकार्य जारी छ । विद्युत्गृहमा छाना लगाउने, पानी फाल्नेलगायतका काम भइरहेका छन् ।




## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

हाम्रो बौद्धिकता पनि गज्जबको छः
"यो निर्वाचन एजेन्डामा हुनुपर्ने थियो, राष्ट्रिय मुद्दा र विकासका मोडलमाथि हुनुपर्ने थियो तर कसले कुन गाडी चढ्यो, कसले के लगायोजस्तो अनुत्पादक चर्चामा सीमित छ! मलाई पनि साथीहरु छत खोलेको गाडीमा हिँड्न भन्नुहुन्छ !" गगन थापाको अभिव्यक्ति यस्तो थियो !
थोरै बुद्धि भएकोले पनि सजिलै बुझ्ने कुरा के हो भने गगन थापाले गाडी चढेको विरोध गरेका होइनन् । उल्टो यो चुनाबको ध्यान, चर्चा र विरोध जति गाडी र रोडशोमा सीमित भएकोमा असन्तुष्टि जनाएका हुन् । गाडीको चर्चा होइन, एजेन्डाको चर्चा भए हुन्थ्यो भनेका हुन् । पूर्वराजादेखि कांग्रेसकै नेतासम्म यस्तो प्वाल परेको गाडीमा हिँडिरहेकै छन् ।
हाम्रो बुझाइ चाहिँ गगन थापाले अरूलाई गाडी चढेकोमा विरोध गर्यो र आफू हेलिकप्टर चढ्यो भन्ने स्तरको देखियो ! जबकि कसले के चढ्यो भन्ने होइन, एजेन्डामा चुनाब लड्न पर्ने हो भन्दै उनले गाडीको चर्चा खारिज गरेका थिए ।
स्कुल लेभलदेखि नै कम्प्युटर शिक्षा र तालीम समावेश गर्ने हो भने एकदिन कीर्तिपुरको डाँडामा ल्यापटप हातमा बोकेरै तीन लाख कमाउन सकिने भाषणको खिल्ली उडाउँदा पनि 'पहाडको टुप्पोमाथि' ल्यापटप बोकेको चित्र बनाइएको थियो । कीर्तिपुर आफै डाँडामा रहेकाले उनले घरमैं बसेर भन्ने सन्दर्भमा डाँडा शब्द प्रयोग गरेका थिए । आईटीमा दक्ष जनशक्तिले त 'वर्क फ्रम होम' गरेकै छ, आज राम्रोसँग भिडियो बनाउन र सामान्य एडिट गर्न जान्ने कन्टेन्ट क्रिएटरले पनि त्यति कमाएकै छन्।
देशको सबैभन्दा ठूलो विश्वविद्यालय रहेको, विज्ञानदेखि समाजशास्त्रसम्म पढाइ हुने र देशका सबैभन्दा दक्ष र शिक्षित युवा बस्ने कीर्तिपुरको डाँडामा यदि आईटीका जनशक्तिले तीन लाख कमाउने कुरा जोक लाग्छ भने पाँच वर्षमा यो देशको जिडीपी डबल बनाउने हरेक दलको घोषणापत्र कसरी पूरा होला? कसरी भन्ने उत्तरसहितका योजनालाई पनि उडाउने हो भने त केको भिजन र योग्यताको कुरो गर्नु !
बालेनले चढेको गाडी विवादित व्यवसायीको र पूरा कर पनि नतिरेको देखिएकाले विरोध भएको हो । भोलिको प्रधानमन्त्रीलाई कुनै व्यावसायिक स्वार्थले नघेरोस् भन्ने असल मनसायले पनि विरोध भएको हो। उनले त्यसपछि चढेको देखिएको पनि छैन । यो राम्रो पक्ष हो। विरोधलाई सकारात्मक लिने र सुधार गर्ने हो भने त्यसलाई राम्रो भन्न पर्छ। अरु गाडीको कहीँ कतै विरोध भएको देखिन्न। सुरक्षा र कानुनी दृष्टिले छत खोलेको गाडीमा टाउको उठाउनु उचित हुँदैन। त्यो विरोध होइन । त्यो आफैले मनन गर्नुपर्ने कुरा हो । पछाडि बसेर सीटबेल्ट नलगाएको आरोपमा बेलायती प्रधानमन्त्रीले जरीबाना तिर्दै माफी माग्न परेको थियो। हामी खुल्लमखुल्ला नियमको धज्जी उडाउँछौं !
उनले चढेको हेलिकप्टर यदि कुनै विवादित व्यवसायीको उपहार हो भने विरोध गर्नु जायज हो । यस्ता उपहारले नेताहरूलाई बिगार्छ । तर पार्टी सभापतिले पार्टीको निर्णय अनुसार, देशभर चुनाबी सभा भ्याउन र उसैको चुनाबी कोष खर्च गरेर चढिएको हो भने त्यो यातायातको साधन हो। त्यसलाई विरोध गर्नुको कुनै औचित्य देखिन्न । हाम्रा नेताहरूले सजिलै एक करोड धरौटी बुझाउँछन्। हरेक पार्टीमा त्यस्ता नेता छन् । एक करोडमा बीस पल्ट हेलिकप्टर चढ्न पुग्छ! स्रोत खोजेर, उत्तरदायी बनाउन खोजेर र पारदर्शिताको चाहनाले प्रश्न उठेको हो भने त्यसको चाहिँ सधैँ स्वागत गर्नुपर्छ ।




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४